अल्लाहसँग डराउनु, जो तिमीहरूको पालनकर्ता हुन्, दिनको पाँच पटक नमाज पढ्नु, रमजान महिनाको रोजा राख्नु, आफ्नो धनसम्पत्तिमा अनिवार्य हुने जकात दिनु र आफ्नो हाकिमको आज्ञापालन गर्नु, यसो गरेमा, तिमी आफ्नो परमेश्वर को स्वर्गमा प्रवेश गर्नेछौ ।

अबू-उमामा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले 'हज्जतुल-वदाअ' (उहाँको जिवनको अन्तिम हज्ज) को खुत्बा (उपदेश) मा भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "अल्लाहसँग डराउनु, जो तिमीहरूको पालनकर्ता हुन्,
दिनको पाँच पटक नमाज पढ्नु, रमजान महिनाको रोजा राख्नु, आफ्नो धनसम्पत्तिमा
अनिवार्य हुने जकात दिनु र आफ्नो हाकिमको आज्ञापालन गर्नु, यसो गरेमा, तिमी आफ्नो परमेश्वर को स्वर्गमा प्रवेश गर्नेछौ ।" [सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले १० हिज्री सम्वत, 'हज्जतुल-वदाअ' (विदाई हज) मा, अरफाको दिन एक उपदेश दिनुभयो । यो उहाँको अनितम हज भएकोले यसलाई 'हज्जतुल-वदाअ' भनिन्छ । उहाँले सम्पूर्ण मानिसहरूलाई आफ्ना पालनकर्ताका आदेशहरू पालना गर्न र उहाँले निषेध गरेका कुराहरूबाट टाढा रहँदै उहाँसँग डराउन आदेश दिनुभयो। साथै अल्लाहले दिन र रातमा अनिवार्य गर्नुभएको पाँच नमाजहरू स्थापना गर्न, रमजान महिनाको रोजा राख्न, र जकातको पैसा हकदारलाई दिन र त्यसमा कन्जुस्याइँ नगर्न आदेश दिनुभयो । त्यसैगरी अल्लाहको आदेशको उल्लंघन नगरी शासक र सरोकारवालाहरूको आज्ञापालन गर्न आदेश दिनुभयो । जसले यी उल्लेखित कामहरू गर्छ फलस्वरूप उसको बास स्थान स्वर्ग हुनेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/3520